जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ९५ २०८१ साल कात्तिक २३ गते शुक्रबार (8 Nov. 2024 Friday) मूल्य रु. ५/-

**डेंगुबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा बान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सार्वजनिक सेवा प्रशारण संस्थाको.. ३ पृष्ठमा : प्रकोपसँगै बाँच्न ... ३ पृष्ठमा ट्रम्पको पुनरागमन 'गलत...

# जलाशयमा सन्ध्याकालिन अर्घ प्रदान





**दैनिक समाचारदाता राजविराज, २२ कार्तिक।**

नहाय खाए विधी संगै सूरु भएको लोकआस्थाको महान चार दिवसीय छठ पर्व अन्तर्गत विहीवार संध्याकालिन ( अस्ताउदो सुर्यलाई ) अर्घ प्रदान गरिएको छ।

राजविराज नगरक्षेत्रका भगवती, कल्टु, तुरन्ती, पुर्णी, शिवका साथै जिल्लाका प्रमुख नदी पोखरीमा उभिएर ब्रतालुहरुले अस्ताउन लागेको सुर्यको विधी विधान पुर्वक पूजा गर्दै अर्घ प्रदान गरेका छन्। कतिपय ब्रतालुले घर आगँन तथा छत मै अस्थायी जलाशय निर्माण गरी त्यहीबाट अस्ताउँदो सुर्यलाई अर्घ दिएका छन।

भकल गरेका कतिपय ब्रतालु अस्ताउदो सुर्यलाई अर्घ दिन घरबाट घिस्रिएर नजिकको पुजाघाट पुगेका छन। सुर्य पुजा गर्न सयौं श्रद्धालु बेहुली झैं सिंगारिएको नदी तलाउ तथा पोखरीका डिलमा भेला भएका थिए। पुजा सामग्रीका रुपमा घाटमा सजाई राखिएका केरा, नरिवल, ठकुवा, भुसुवा, सरिफा, उखु लगायतका पुजा सामग्री सुर्यदेवलाई अर्घका रुपमा ब्रतालुले चढाएका छन्।

छठ पर्व हुने जिल्लाका प्रमुख जलाशय र आसपास सुरक्षा प्रबन्धका लागी सादा पोशाकमा समेत प्रहरी परिचालन गरिएको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए।

छठ पुजास्थलहरुमा आपराधीक गतिविधी नियन्त्रण तथा भक्तजनले ढुक्क भएर छठ पर्व मनाउने गरी आवश्यक सबै सुरक्षा प्रबन्ध मिलाइएको उनको भनाई छ। शुक्रवार विहान उदाउदो सुर्यलाई अर्घ दिदै लोकआस्थाको महान पर्व छठ सम्पन्न हुनेछ। त्यस पछिमात्र ब्रत बसेका ब्रतालुले अन्नजल ग्रहण गर्नेछन्।

## हिमाली जिल्लामा पनि छठ पर्व मनाइयो

म्याग्दी, २२ कात्तिक (रासस)।

हिमाली जिल्ला म्याग्दीको सदरमुकाम बेनी बजारमा बिहीबार छठ पर्व मनाइएको छ। म्याग्दीमा बसोबास गर्ने तराइबासी नेपाली र भारतीय नागरिकले छठ पर्व मनाएका हुन्।

बेनी नगरपालिका–८ स्थित कालीगण्डकी नदी किनारमा मिथिलाञ्चलबासीले बिहीबार साँझ छठी देवीको पूजाआजा र नदीमा गएर अस्ताउँदो सूर्यलाई अर्घ दिए। प्रत्येक वर्ष कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने छठ पर्वले धार्मिक र सामाजिक सद्भावको सन्देश दिएको छ। उनीहरुले भोलि उदाउँदो सूर्यलाई अर्घ्य दिनेछन्।

नुहाइ धुवाई शुद्ध बस्त्र लगाएर ब्रत बस्ने गरिएको बेनीमा व्यवसाय गर्दै आउनुभएका सञ्जय ठाकुरले बताउनुभयो। नाङ्लो, कनसुप्ती, ढकना, सरबालगायतका प्रसाद लिएर नदी किनारमा उभिएका उनीहरुले सूर्यलाई अर्घ्य चढाएका थिए।

उनीहरुले ठकुआ, भुसवा, केरा, नरिवल, उखु, सुन्तला, कागती, फर्सी, सिंगारा, पान, सुपारी, धूप, दीप, अरतक, पात, चना आदीको प्रसाद बनाएर

*बाँकी दुई पृष्ठमा*

# लुक्लामा एकैदिन १८४ उडान, झण्डै चार सय विदेशी पर्यटक भित्रिए

सोलुखुम्बु, २२ कात्तिक (रासस)।

सोलुखुम्बुको तेन्जिङ हिल्लारी विमानस्थल लुक्लामा बिहीबार एकैदिन एक सय ८४ वटा हवाई उडान भएको छ। उक्त विमानस्थलमा हेलिकप्टरजहाज गरी एक सय ८४ वटा उडान भएको नेपालनागरिक उड्डयन प्राधिकरण लुक्लाले जनाएको छ।

कार्यालयका प्रमुख उमेश पन्थीका अनुसार मौसम खुलेसँगै बिहीबार हेलिकप्टले एक सय ५२तथा जहाजले २३ वटा उडान भरेका हुन्। जहाजको उडानमा तारा एयरलाइन्स र समिट एयरलाइन्सले १२/१२ उडान तथा सीता एयरलाइन्सले आठ वटा उडान भरेको प्राधिकरण प्रमुख पन्थीले बताउनुभयो। बिहीबार हवाई सेवाबाट मात्रै तीन सय ९६ जना विदेशी र एक सय ३६ जना नेपाली गरी कूल पाँच सय ३२ जना पर्यटक लुक्ला भित्रिएका जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी दिनुभयो।

उहाँका अनुसार उक्त सङ्ख्यामा पर्यटक भित्रिँदा तीन सय ३६ जना विदेशी र एक सय २६ जना नेपाली गरी कूल चार सय ६२ जना पर्यटक हवाई सेवामार्फत लुक्लाबाट बाहिरिएका छन्। नाम्चेबाट (बिहीबार चार सय ७५ जना विदेशी पर्यटक उकालो लाग्दा तीन सय तीन विदेशी पर्यटक फर्किएको प्रहरीको तथ्याङ्क छ।

"सगरमाथा क्षेत्र आउने पर्यटक अहिले पनि उत्साहजनक नै मान्नुपर्छ तर चिसो मौसम सुरु भएकाले फर्किनेक्रम पनि त्यतिकै रहेको

*बाँकी दुई पृष्ठमा*

**खुशीको खबर ! खुशीको खबर !! खुशीको खबर !!!**

राजविराजबाट सिरहा माडरसम्मको आरामदायी यात्राका लागि सिरहा रोड राजविराजस्थित राम मन्दिरदेखी बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुलाकी सडक हुँदै सिरहा माडरका लागि यही कात्तिक २३ गतेदेखी **विंगर** संचालन हुने जानकारि गराइन्छ।

सम्पर्क व्यक्ति

गुलाब यादव

सम्पर्क नं. ९८०५९००५११

**मंगलमय शुभकामना**





लोक आस्थाको महान छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**विश्वनाथ मण्डल**

अध्यक्ष, तथा

जन ज्योति कृषि सहकारी संस्था लिमिटेड

संचालक समिति परिवार

राजविराज ९, मलेठ, सप्तरी

**मंगलमय शुभकामना**





लोक आस्थाको महान छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**सचिन्द्र दास**

अध्यक्ष, तथा

जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.

राजविराज ४, सप्तरी, परिवार

# सार्वजनिक सेवा प्रशारण संस्थाको सञ्चालनका चुनौती र सुधारको अपेक्षा

**सुरेशकुमार कार्की**
काठमाडौँ, २२ कात्तिक (रासस) ।

सन् १९२० मा सुरु भएको विश्वको सबैभन्दा पुरानो सार्वजनिक सेवा प्रशारण (पीएसबी) संस्थाको रूपमा रहेको बीबीसीको स्वतन्त्र प्रशारण संस्था र जापानको एनएचकेबाट प्रभावित भएर नेपालमा पनि सरकारको नियन्त्रण बाहिर स्वतन्त्र रुपमा सार्वजनिक प्रशारणको अवधारणाको विकास हुँदै आएको हो ।

उच्चस्तरीय मिडिया सुझाव आयोग-२०६३ र सूचना तथा सञ्चारसम्बन्धी उच्चस्तरीय समिति-२०७३ ले रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एकीकृत गरेर संसद् मातहत ल्याइनुपर्ने सुझाव दिएको स्मरणीय छ । आम सञ्चार नीति-२०७३ मा रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एकीकरण गरी सार्वजनिक प्रशारणमा रूपान्तरण गर्न सुझाव दिएकोमा सोही सुझावका आधारमा २०७७ असार २४ गते संसद्मा दर्ता गरिएको सार्वजनिक सेवा प्रशारण विधेयक संसद्बाट पारित भएर २०८१ असोज २२ गते राष्ट्रपतिबाट प्रमाणिकरणसँगै राजपत्रमा प्रकाशित भएको छ ।

तटस्थ, निष्पक्ष, तथ्यपरक र वस्तुनिष्ठ सूचना, समाचार तथा मनोरञ्जनात्मक कार्यक्रम उत्पादन र प्रशारण गरी संविधानद्वारा प्रदत्त मौलिक हकको प्रत्याभूत गर्दै समावेशी लोकतन्त्रको सुदृढीकरण गर्न, सामाजिक तथा सांस्कृतिक जागरण ल्याउनका लागि प्रतिस्पर्धी र जनउत्तरदायी सार्वजनिक सेवा प्रशारण संस्थाको स्थापना र सञ्चालन गर्नका लागि सार्वजनिक सेवा प्रशारण ऐन, २०८१ लागू भएको छ । यो ऐन प्रारम्भसँगै नेपाल टेलिभिजन र रेडियो नेपाल सार्वजनिक सेवा प्रशारण संस्थामा रूपान्तरण हुने गरी, सार्वजनिक प्रशारणलाई गुणस्तरीय, विश्वसनीय तथा प्रभावकारी बनाउन एक सार्वजनिक सेवा प्रशारण संस्थाको स्थापना हुने गरी कार्यान्वयनमा आउने भएको छ ।

**संस्थाको कार्यहरुः**

सार्वजनिक सेवा प्रशारण संस्थाले गर्ने कार्यहरुको सम्बन्धमा ऐनमा भएको प्रावधानअनुसार भौगोलिक अखण्डता र राष्ट्रिय एकता, सामाजिक तथा सांस्कृतिक सद्भाव कायम गर्ने, राष्ट्रिय हित र राष्ट्रियताको प्रवर्द्धन गर्ने, सङ्घीय इकाइबीचको सुसम्बन्ध अभिवृद्धि गर्ने गरी समाचार, सूचना, सन्देश र कार्यक्रमको उत्पादन तथा प्रशारण गर्नुपर्ने हुन्छ । विभिन्न जातजाति, लिङ्ग, पेसा, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गर्ने तथा विभिन्न वर्ग, क्षेत्र र समुदायको उत्थान र विकासका लागि कार्यक्रम उत्पादन तथा प्रशारण गर्नुपर्छ ।

त्यस्तै सार्वजनिक सरोकार र नागरिकका आवश्यकता अनुसारको विषयमा कार्यक्रम उत्पादन तथा प्रशारण गर्ने, नागरिकको सूचनाको हक प्रचलन गराउन मुलुकको सबै भूभागमा प्रशारणको पहुँच पुऱ्याउने, प्रशारण क्षेत्रमा भएका विकास र नयाँ प्रविधिको अधिकतम् उपयोग गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समेत सूचना, सन्देश र मनोरञ्जन प्रदान गर्ने गरी काम गर्नुपर्ने हुन्छ ।

यसैगरी सूचना सम्प्रेषणद्वारा मुलुकको राष्ट्रभाषा, लोपोन्मुख मातृभाषा, कला, संस्कृति र सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्ने, जनस्वास्थ्य, जनहित, वातावरण, जलवायु परिवर्तन, विपद् र अन्य आपतकालीन अवस्थासम्बन्धी सूचना प्रवाह गरी जनचेतना जगाउने, खेलकुद तथा मनोरञ्जनात्मक कार्यक्रम उत्पादन तथा प्रशारण गर्ने, ज्ञान, विज्ञान र प्रविधि प्रवर्द्धन गर्ने कार्यक्रम उत्पादन तथा प्रशारण गर्नुपर्ने हुन्छ ।

त्यस्तै मुलुकको समग्र विकासमा योगदान दिने खालका कार्यक्रमको उत्पादन तथा प्रशारण गर्ने, आफूले उत्पादन, निर्माण तथा प्रशारण गरेका कार्यक्रम डिजिटल, अनलाइन तथा अन्य प्रविधिको माध्यमबाट प्रकाशन तथा प्रशारण गर्ने कार्य पनि यो नयाँ संस्थाले गर्नुपर्नेछ । यस्तै यो ऐनमा कृषि, उद्योग, पर्यटन र प्राकृतिक स्रोत जस्ता विषयमा खोजमूलक तथ्यहरू प्रचारमा ल्याई रोजगारमूलक कार्यक्रम प्रवर्द्धन गर्दै नेपालको अर्थ व्यवस्थालाई सबल बनाउन सहयोग पुऱ्याउने कार्यक्रम प्रशारण गर्ने, सङ्घीय संसद, संसदीय समिति, प्रदेश सभा, प्रदेशसभा समिति तथा गाउँ सभाका गतिविधिको सम्बन्धमा कार्यक्रम प्रशारण गर्ने र सरकारको सार्वजनिक नीति, निर्णय तथा काम कारबाहीका सम्बन्धमा सूचना प्रशारण गर्ने उल्लेख छ । त्यस्ता कार्यक्रम उत्पादन तथा प्रशारण गर्दा मानव अधिकारका मूल्य, मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण तथा सामाजिक न्यायको सिद्धान्तलाई आत्मसात् गर्नुपर्ने हुन्छ ।

**परिषद्को गठनः**

सार्वजनिक सेवा प्रशारण संस्थाको नीति निर्माण गर्न तथा सो संस्थाले सम्पादन गर्नुपर्ने कार्यको लागि नीतिगत निर्देशन दिन एक परिषद्को गठन गर्ने प्रावधान रहेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मन्त्री वा राज्यमन्त्रीको अध्यक्षतामा १५ जना रहने गरी परिषद्को व्यवस्था गरिएको छ । सदस्यको मनोनयन गर्दा महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसङ्ख्यक, सिमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यबाट समावेशी सिद्धान्तका आधारमा गर्नुपर्ने प्रावधान रहेको छ ।

परिषद्ले सार्वजनिक सेवा प्रशारणसम्बन्धमा अपनाउनुपर्ने नीतिका सम्बन्धमा सरकारलाई सुझाव दिने, सार्वजनिक सेवा प्रशारण संस्थाको नीति, वार्षिक योजना तथा कार्यक्रमअनुसार भएका कार्यको समीक्षा गर्ने, सार्वजनिक सेवा प्रशारण संस्थाका पदाधिकारी तथा कर्मचारीको आचारसंहिता बनाई सोको प्रभावकारी कार्यान्वयन गर्ने वा गराउने, सार्वजनिक सेवा प्रशारण संस्थाबाट उत्पादन तथा प्रशारण हुने कार्यक्रममा राजनीतिक वा अन्य कुनै आधारमा आग्रह वा पूर्वाग्रह नराखी तटस्थता र निष्पक्षता कायम गराउने र सार्वजनिक सेवा प्रशारण संस्थाको सम्बन्धमा नीतिगत मार्गदर्शन गर्ने तथा सञ्चालक समितिलाई आवश्यक निर्देशन दिने गरी परिषद्को काम, कर्तव्य र अधिकार तोकिएको छ ।

**सञ्चालक समितिः**

संस्थाको अध्यक्षको नियुक्तिको लागि नेपाल सरकारसमक्ष नाम सिफारिस गर्नका लागि लोकसेवा आयोगको अध्यक्ष वा निजले तोकेको लोकसेवा आयोगको सदस्य संयोजक, मन्त्रालयको सचिव र रेडियो वा टेलिभिजनसम्बन्धी क्षेत्रको कम्तीमा दश वर्षको अनुभवप्रभात व्यक्तिमध्येबाट मन्त्रालयले मनोनयन गरेको एकजना सदस्य रहने व्यवस्था रहेको छ । सञ्चालक समितिमा मन्त्रालयले तोकेको मन्त्रालयको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत सदस्य र रेडियो वा टेलिभिजनको क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव प्राप्त व्यक्तिमध्येबाट दुवै क्षेत्रको प्रतिनिधित्व हुने गरी मन्त्रालयले समावेशी सिद्धान्तको आधारमा मनोनयन गरेको कम्तीमा एकजना महिलासहित तीन सदस्य चार वर्षका लागि नियुक्त गर्ने व्यवस्था ऐनमा रहेको छ ।

**कार्यकारी अधिकार :**

सञ्चालक समितिको अध्यक्षको सामान्य निर्देशन तथा नियन्त्रणमा रही सार्वजनिक सेवा प्रशारण संस्थाको दैनिक प्रशासकीय कार्य सञ्चालन गर्नका लागि ऐनमा एक प्रमुख प्रशासकीय अधिकृत रहने व्यवस्था गरिएको देखिन्छ । सञ्चालक समितिले सार्वजनिक सेवा प्रशारण संस्थाको प्रमुख प्रशासकीय अधिकृत पदको निकटतम तल्लो पदमा कार्यरत रहेका र बढुवा हुनको लागि योग्यता पुगेका वरिष्ठ कर्मचारीमध्येबाट प्रमुख प्रशासकीय अधिकृत नियुक्त गर्ने प्रावधानबाट हाल रेडियो नेपाल र नेपाल टेलिभिजनभित्रैका कर्मचारीले जिम्मेवारी पाउने देखिन्छ ।

**संस्थाको आर्थिक अवस्था :**

सार्वजनिक सेवा प्रशारण संस्थाले सार्वजनिक हितमा काम गर्नुपर्ने हुँदा यसको कोषमा संसदबाटै आवश्यक बजेट विनियोजन हुनुपर्नेमा यसअघि रेडियो नेपाल र नेपाल टेलिभिजनको कोषको व्यवस्था जस्तै कोषको प्रावधान राखिएको छ । जस अनुसार नेपाल सरकारबाट प्राप्त अनुदान, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान, विदेशी सरकार वा विदेशी संघ, संस्थाबाट प्राप्त रकम, र सार्वजनिक सेवा प्रशारण संस्थाको आम्दानीबाट प्राप्त रकमलाई कोषको रुपमा राखिएको छ ।

**कर्मचारीको व्यवस्थापनः**

रेडियो नेपाल र नेपाल टेलिभिजन सार्वजनिक सेवा प्रशारण संस्थामा रुपान्तरण भएसँगै दुवै संस्थाका कार्यकारी पदाधिकारीहरुको व्यवस्थापन के हुने भन्ने सम्बन्धमा कुनै ठोस व्यवस्था गरिएको छैन । ऐनको संक्रमणकालिन व्यवस्थामा ऐन प्रारम्भ भएको एक वर्षभित्र संस्थाको सञ्चालक समिति गठन गरिनेछ र त्यसरी समिति गठन नभएसम्म दुवै निकायका सञ्चालक समितिले यथावत काम गर्नेछ भन्ने व्यवस्था छ । ऐनको प्रावधानअनुसार विहीबारबाट नेपाल टेलिभिजन र रेडियो नेपालमा स्वीकृत रहेका दरबन्दीहरूलाई सार्वजनिक सेवा प्रशारण संस्थाको आवश्यकता र औचित्यका आधारमा पुनरावलोकन गरी दरबन्दी पुनर्संरचना गर्ने र कार्यरत स्थायी कर्मचारीहरू कायम गरिएको मिल्दो दरबन्दी (पद, तह र श्रेणी) मा समायोजन हुने देखिन्छ ।

ऐनको व्यवस्थाअनुसार मिल्दो पद, तह र श्रेणीमा समायोजन हुन नसकेका कर्मचारीहरूलाई निजको बाँकी अवधि गणना गरी अवकाश दिने व्यवस्था गर्न सकिने र सो अवधि अनिवार्य अवकाश हुने उमेरभन्दा बढी हुने गरी गणना नगरिने, सार्वजनिक सेवा प्रशारण संस्थाले मन्त्रालयको सहमति लिई संस्थामा कार्यरत कर्मचारीलाई स्वेच्छिक अवकाश दिने प्रयोजनका लागि मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्ने उल्लेख छ ।

**सुधारका केही सुझावहरुः**

ऐनको प्रावधानलाई कार्यान्वयन गर्नका लागि सार्वजनिक सेवा प्रशारण नियमावलीको महत्वपूर्ण भूमिका रहन्छ । नियमावलीमा ऐनमा समेटिन नसकिएको कुराहरुलाई कार्यान्वयनको चरणमा लानुअघि पीएसबीमा सरकारी नियन्त्रण नहुँदा ती संस्थाले कसरी निष्पक्ष, सन्तुलित र निडर भएर समाचार सामग्री पस्कन सक्छन् भन्ने कार्य भविष्यका लागि उदाहरण मानिने छ । भविष्यमा नियमावली तयार गर्दा निम्न कुरामा ध्यान दिंदा राम्रो हुनेछ सार्वजनिक सेवा प्रशारणको एक महत्वपूर्ण विशेषता आर्थिक स्वायत्तता हो । त्यस्ता स्रोतमा नेपाल सरकारको अनुदान, प्रदेश र स्थानीय तहबाट प्राप्त अनुदान, वैदेशिक स्रोत र संस्थाको आफ्नो आम्दानी भनी तोकिएको छ । स्रोत व्यवस्थाका लागि बजार र सरकारको निगाहमा भर पर्दा सार्वजनिक सेवा प्रशारण संस्था स्वतन्त्र र निष्पक्ष हुन सक्दैन । ऐनमा फ्रिक्वेन्सीको सुनिश्चिता गरे जस्तै सरकारबाट बजेटको सुनिश्चित हुने गरी नियमावलीमा व्यवस्था गर्नुपर्दछ ।रेडियो नेपाल र नेपाल टेलिभिजन गैरनाफामुखी, राजनीतिक हस्तक्षेपबाट मुक्त, व्यापारिक समूहको दबावबाट स्वतन्त्र तथा राज्यको नियन्त्रणबाट मुक्त भई आम नागरिकलाई सूचना, शिक्षा र मनोरञ्जन दिनेगरी साँच्चिकै सार्वजनिक सेवा प्रशारणका सम्बन्धमा विश्वव्यापी रूपमा स्वीकारिएका आधारभूत मान्यताअनुसार सञ्चालन गर्ने सहज वातावरण बनाइनुपर्दछ ।

पिएसबी मोडलको विशेषताभित्र पर्ने सम्पादकीय स्वतन्त्रताको सुनिश्चितता, गुणस्तरीय, सन्तुलित एवं विश्वसनीय समाचार सामग्रीमार्फत स्वच्छ जनमत तयार गर्नु भएकाले लोकतान्त्रिक मूल्य, मान्यता र स्वतन्त्र पत्रकारिताको मर्मअनुसार स्वच्छ, निष्पक्ष र जनताप्रति उत्तरदायी भएर नागरिकलाई सुसूचित गर्नु सार्वजनिक सेवा प्रशारणको मुख्य उद्देश्य कार्यान्वयन हुने गरी नियमावलीमा व्यवस्था गर्नुपर्ने हुन्छ ।ऐनका प्रभावकारी कार्यान्वयन सबैभन्दा महत्वपूर्ण पक्ष हो । कानुनको सशक्त कार्यान्वयन हुन नसकेको अवस्थामा राम्रो भनिएको कानुन पनि प्रभावकारी नहुन सक्छ । अर्कातिर योग्य र क्षमतावान् मान्छे नियुक्त नगरेसम्म कानुन बनाएर मात्र पनि हुँदैन ।

कार्यकारी अध्यक्षको नियुक्ति गर्दा कम्तिमा शैक्षिक योग्यता स्नातकोत्तर भएका र कुनैपनि निकायमा व्यवस्थापकीय भूमिकामा रही अनुभव सँगालेका व्यक्तिहरू मध्येबाट गरिनु पर्दछ ।

रेडियो नेपाल र नेपाल टेलिभिजनको केन्द्रीय भवन सिंहदरबारभित्र रहेकाले सर्वसाधारण नागरिकको पहुँच सीमित हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी यस संस्थामा नागरिकको पहुँच बढाउन सिंहदरबार बाहिर यसको केन्द्रीय कार्यालय स्थापना गर्नुपर्ने देखिन्छ । कस्तो भवन बनाउने भन्ने सम्बन्धमा २०७३ सालमै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा जाइकाको सहयोगमा सञ्चिलित मेप परियोजनामार्फत पेश गरिएको भवन र स्टुडियोको डिजाइनमा हालको प्राविधिको विकाससँगै थप परिमार्जन गरी रेडियो नेपालको भैंसेपाटीमा रहेको जग्गामा भवन निर्माण गर्न सकिन्छ ।

हाल दुवै संस्थामा कार्यरत् कर्मचारीहरुलाई निजहरुले खाईपाई आएको सेवा सुविधामा कुनै असर नपर्ने गरी जनशक्ति व्यवस्थापनमा हालको दरवन्दी समायोजन गरी उनीहरुको आत्मवल बढाउनुपर्छ । संस्थाको कार्यकारी अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको कार्यकारी अधिकारको विषयमा विवाद हुन नदिनका लागि अब बन्ने सार्वजनिक सेवा प्रशारण नियमावली, आर्थिक नियमावली र कर्मचारी सेवा शर्त विनियमावलीमा दुवैको अधिकारलाई प्रष्ट गरिनु पर्दछ । (लेखक अधिवक्ता तथा रेडियो नेपालका पूर्व कार्यकारी निर्देशक हुनुहुन्छ)

### *हिमाली जिल्लामा ...*

चढाएका थिए । छठ मनाउन जम्मा भएका मिथिलाञ्चलवासीलाई बेनीमा बसोबास गर्ने अन्य समुदायले शुभकामना दिएका थिए ।

म्याग्दीमा विस २०७७ देखि छठ मनाउन सुरु गरिएको हो । सरकारले २०७६ साल फागुनमा म्याग्दीलाई हिमाली जिल्लामा सूचीकृत गरेको थियो ।

### *लुक्लामा एकैदिन ...*

छ", सगरमाथा प्रदूषण नियन्त्रण समितिका अध्यक्ष लामाकाजी शेर्पाले भन्नुभयो ।

चिसो सुरु भएसँगै खुम्बुबाट बाहिरिने पर्यटक बढ्दै गएको छ । मङसिर मध्यसम्म मात्रै पर्यटक याम चल्ने भएकाले भित्रिनेसँगै बाहिरिने सङ्ख्या पनि उत्तिकै रहेको सगरमाथा राष्ट्रिय निकुञ्जको कार्यालय नाम्चे सोलुखुम्बुले जनाएको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रकोपसँगै बाँच्न सिकौं

**विश्वमणि पोखरेल**

काठमाडौँ, २२ कात्तिक (रासस) ।

नेपालको सामाजिक, राजनीतिक परिवेशलाई छोटो शब्दमा अर्थ्याउनुपर्‍यो भने भन्ने गरिन्छ 'मनसुन र भनसुनले चलेको देश ।' यो वर्ष मनसुनको याम अन्त्य नेपालबाट बिदा भएको छ । सामान्यतया प्रत्येक वर्ष जेठ दोस्रो सातादेखि अशोज दोस्रो सातासम्म नेपाललगायतका दक्षिण एशियाली देशमा मनसुनका बादल छाउँछ र त्यसले वर्षा गराउँछ । नेपालको प्रमुख बाली धान यसै मनसुनी वर्षात्मा रोपिन्छ । धान, मकै, कोदोलगायतका बालिनालीका लागि अमृत सरह जल दिने मनसुनी बादल हाम्रो कृषि अर्थतन्त्रका लागि बरदान मानिन्छ । हुन त मनसुनमा परेको प्रशस्त पानीले बाढी, पहिरो निम्त्याउँछ । मनसुनका छ महिना बाढी, पहिरोको उच्च जोखिमको समय पनि हो । एकातिर बरदान अर्कोतर्फ बर्बादी दुबै क्षमता राख्दछ मनसुनले । मनसुनी वर्षाको ठेगान हुँदैन, कहिले खडेरी पर्दछ, कहिले अतिवृष्टि हुन्छ, कहिले खण्डबृष्टि हुन्छ ।

समग्रमा भन्नुपर्दा मनसुन राम्रो अर्थात किसानको हितकारी भयो भने धान राम्रो फल्छ । अन्य बालिनाली, बोट बनस्पतिलाई पोषक बन्दछ । अहिले पनि मुलुकको ठूलो भूक्षेत्र आकासेपानीको भरमा रहेकाले आमकिसान र मनसुनसँगको नाता गहिरो छ । यही मनसुन यस वर्ष अभिशाप बनेर गएको छ । मनसुन अघिल्ला वर्षहरुभन्दा केही समय लम्बियो । मनसुन र पश्चिमबाट आउने बादल मिसिएर अशोजमा १० गतेदेखि १२ गतेसम्म मनसुनले वितण्डा मच्चायो । बाढी, पहिरोमा परी २४६ को ज्यान गयो, १८ बेपत्ता छन्, १७८ जना घाइते भएको सरकारी रेकर्ड छ ।

भनसुनबाट चलेको देश भन्ने उक्ति भने सरकारी सेवा प्रवाहसँग जोडिन्छ । नेपाली समाजमा लामो समयदेखि भनसुनबाट काम हुने परम्पराबाट ग्रस्त बनेको छ । सामान्य प्रशासनिक काम कारवाहीदेखि न्यायिक सम्पादनसम्ममा भनसुनको प्रभाव प्रबल देखिन्छ । भनसुनबाट काम हुनु भनेको नियम कानूनले दिएका नागरिक अधिकार गौण हुनु हो, कुण्डित, खण्डित हुनु हो । भनसुनबाट काम हुनु भनेको चिनाजानी, नातागोता, माथिल्लो तहको निर्देशन, आदेश तथा प्रभाव, पहुँच, आर्थिक सौदाबाजी जे पनि हुनसक्छ । नेपालको प्रशासनिक वृतमा जरो गाडेको भनसुन प्रवृति सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक राजनीतिक व्यवस्थामा आइपुग्दा पनि नियन्त्रण हुनुको विपरीत झन्झन विस्तारित भैरहेको देखिन्छ ।

अब मनसुनलगायत प्रकोपका कुरा गरौं । जब प्रकोपको कुरा आउँछ, हामी आफैँले आफैँलाई सोध्नुपर्ने प्रश्नहरु सामुन्ने आउँछन् । हामी कहाँ छौँ, कस्तो ठाउँमा बसेका छौँ ? उत्तर सरल छ, हामी चलायमान हिमालयको काखमा छौँ, जसको चञ्चलता करोडौं वर्षदेखि जारी छ । हिमालय उचालिने क्रम रोकिएको छैन । दक्षिण भिरालो परेर हिमालय, महाभारत श्रृङ्खला, चुरे र तराईको मैदानमा फैलिएको नेपाल, हामीले आफ्नै निधारबाट डोरी तानेर बुढी औंलामा जोड्यौं भने जस्तो भिरालो बन्दछ, त्यस्तै भूखण्डमा छौँ । आजभन्दा पाँच करोड २० लाख वर्ष अघिसम्म अहिलेको हिमाल थेथिस महासागरको गर्भमा थियो । प्रत्येक वर्ष औसत पाँच सेन्टिमिरको दरले हिमालय उचालिइरहेको भूगर्भवेत्ताहरुको कथन छ । यस हिसाबले सर्वोच्च शिखर सगरमाथा निकै अग्लो पो हुनुपर्ने हो । तर उच्च भिरालोका कारण क्षणीकरण तीव्र हुँदै आयो, मनसुनमा हुने अधिक वर्षाले खियाउँदाखियाउँदै अहिलेको सगरमाथा आठ हजार आठ सय ४८ मिरको उचाइमा सिमित हुन पुगेको हो ।

यसबाट हामी के भन्न सक्छौं विश्वको सर्वोच्च शिखर सगरमाथा भूक्षणीकरण भएर बाँकी रहेको खण्ड नै सर्वोच्च शिखर कहलिएको हो ।हामी भूकम्पका हिसावले उच्च जोखिममा छौँ । गोरखा भूकम्प, जाजरकोट भूकम्पले सबक सिकाइसकेको छ । बाढी, पहिरो हाम्रो नियति नै हो । वर्षेनी औसत २८० जनाको बाढी, पहिरोबाट मृत्यु हुन्छ । यसपालि औसतभन्दा झण्डै दोब्बर बढीको मृत्यु नै भएको मानिन्छ । हामी जोखिमबीच छौँ, चुरे, महाभारत, उच्च हिमाल सबै मन्द गतिमा उचालिने क्रममा छन् । हिउँद्मा चिसो, ठण्डी, वैशाखपछि अशोजसम्म गर्मी त्यो सँगै मध्य जेठपछि असोजसम्मको मनसुन वर्षा अनि बाढी, पहिरो हाम्रा नियति हुन् ।

हामी जस्तो भूखण्डमा बसेका छौँ, प्राकृतिक हिसाबले जस्तो खतरामा छौँ, त्यहीं अनुसारका पूर्वाधार विकास अख्तियार गर्नुपर्‍यो । जस्तो प्रकृति छ, त्यसै अनुसारको जीवनयापन अंगाल्नुपर्यो । प्रकृती माथि जथाभावि गर्दा प्रकृतिलाई सह्य भएन, यस पटक विस्फोट भयो र सबैभन्दा बढी मानवीय र भौतिक क्षति राजधानी उपत्यकामै भयो । यसबाट हाम्रा नीति निर्माणको तहमा बसेकाहरुलाई झस्काएको हुनुपर्ने हो, तीनै तहका सरकार सचेत हुनुपर्ने हो । निश्चय पनि छोटो समयमा मुलुकभरि धेरै पानी पर्‍यो, अघिक वर्षा भयो । के यो वर्ष मात्रै यति ठूलो वर्षात् भएको हो त ? काठमाडौँमा मौसम रेकर्ड राख्दा ५४ वर्षयता रेकर्ड भएको अधिक वर्षा भयो, २४१ मिलिलिर । २०५० सालमा धादिङ्ग, मकवानपुरमा अहिलेको भन्दा धेरै पानी वर्षिएको होइन र ? मौसमको १०, २०, ३०, ४०, ५० र १०० वर्षको साइकलको अनुमानमा आधारित भएर पूर्वाधार विकासका काम गर्नुपर्ने हो, वैज्ञानिक तरिका यही हो । काठमाडौँ उपत्यकामा पोहोर, परार पनि बाढी आएको थियो । खोला किनाराका बस्तीहरु डुबाएको थियो । यसपालि धेरै आयो । राजधानी उपत्यकामै ३४ जनाको मृत्यु भयो ।

मौसम विभागको रेकर्डमा २२ वर्षअघि काठमाडौँ विमानस्थलमा १७७ मिलिलिर पानी परेको थियो, यसपालि करिव २४० मिलिलिर वर्षियो । त्यस्तै ललितपुरको लेलेमा सन् २००२ मा २०० मिलिलिर पानी परेको थियो भने यसपटक ३२३ वर्षियो । अब प्रश्न पानी नै धेरै पर्‍यो हामीले थाम्न नसक्ने गरी परेको हो त ? हाम्रो प्रकोप व्यवस्थापकीय क्षमताभन्दा ठूलो चुनौती आएको हो ? एकैपटक मुलुकका धेरै स्थान प्रकोपमा परेको अवस्थामा हामीले त्यति धैरै क्षममा राखेका रहेनछौं भन्नै स्पष्ट भयो । यो सँगै मानवीय, भौतिक र प्राविधिक क्षमताको कुरा गर्दा हामी जस्तो मुलुकमा छौँ, त्यस अनुसारको तयारी गरेका रहेनछौँ भन्ने कुरा यो पटक अझ छर्लङ्ग भयो, अघिल्ला वर्षहरुका सङ्केत र अनुभवबाट हामीले सिकेका रहेनछौँ ।

सन् १९९० मा नेपालले संयुक्त राष्ट्र सङ्घको प्राकृतिक प्रकोप न्यूनीकरण दशक मनायो । त्यसैबेलादेखि प्रकोपमा काम गर्ने बेग्लै निकायको आवश्यकता ठानिएको थियो र सरोकारवालाहरुले वकालत पनि गर्दै आएका हुन् । तर गृह मन्त्रालय, दैवी प्रकोपको सोचबाट मुक्त हुन नसकेको उदाहरण राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको गठनले स्पष्ट गरेको छ । गृहमा पहिला प्रकोप न्यूनीकरण र व्यवस्थापन दैवीप्रकोप शाखा थियो, पछिल्लो समय त्यसलाई महाशाखा बनाइयो र २०७६ मा गठन भएको प्राधिकरण पनि गृह मन्त्रालयकै मातहतको एउटा अड्डा बन्न पुगेको छ । खासमा गृह मन्त्रालय शान्ति, सुरक्षासँग सम्बन्धित चासो राख्ने निकाय हो । विपतको समयमा तत्काल, राहत र उद्धारमा प्रहरी, सशस्त्र प्रहरी र सेना आआफ्नो हिसाबले सक्रिय हुन्छन् नै । विपदपछि र विपदअघिको प्राविधिक, व्यवस्थापकीय, समन्वयात्मक र स्रोत परिचालनजस्ता मामला गृह मन्त्रालयका प्रशासकहरूबाट हुनसक्ने कुरा भएन ।

अनुसन्धानको काम कसले गर्ने ? सरकारका खानी विभाग, शहरी विकास विभाग, सिँचाइ विभाग, सडक विभागमा प्राविधिक जनशक्ति छन् र ती निकायमा अध्ययनका ठेली पनि छन् । त्यस्तै त्रिभुवन विश्वविद्यालय भूगर्भ शास्त्र अध्ययन विभागमा पनि शैक्षिक जनशक्ति र स्रोत सामाग्री छन् तर ती स्रोत, साधनको उपभोगबारे गम्भीर जवाफदेही कसैको पनि देखिन्न । अब कुरा गरौँ, राजधानी उपत्यकाको । गत असोज १०–१२ को दुई दिनको वर्षा र बाढीबाट काठमाडौं, ललितपुर र भक्तपुरमा ३४ जनाको मृत्यु भयो, जनजीवन तहसनहस भएको थियो । काठमाडौँ उपत्यका मुलुकको राजधानी हो ।

उपत्यकामा दुई महानगरपालिका छन् । भौतिक विकासका संरचना बनाउँदा प्रकोपलाई ध्यानमा राखेर १०, २०, ३० जस्तै ५०, १०० वर्षको मौसमी चक्रलाई ध्यानमा दिने गरिनु पर्ने हो । भूकम्प, बाढी, पहिरो, डुबानलगायतका प्रकोपलाई ध्यानमा दिएर मात्र संरचनाहरु निर्माण हुनुपर्ने हो । तर, त्यस्तो भयो होला त ? उपत्यकामा बग्ने सबैजसो खोला किनारामा सडक बनाइएको छ, पर्खाल लगाएर नदीलाई नियन्त्रणमा लिइएको छ । दुबैतर्फ बाटो खोल्दा कम्तिमा १०, १२ मिर जमिन खोलाबाट खोसियो । खोलाको बगर मिचियो, खोला किनारामा बस्ती बसे । ठूलो पानी पर्दा खोला भरियो, बस्ती, सहर बजारमा पानी पस्यो, डुबान भयो । दोषी पानी, प्रकृती कि हाम्रो विकास नीति ? गम्भीर विवेचना गर्नुपर्ने समय हो यो ।

खोला किनाराबाट बाटो बनाउने इन्जिनीयरहरुले कुनै भूगर्भविद्सँग परामर्श गरेका होलान् ? सायद गरेनन् । असोजको बाढी, डुबानको क्रममा मेडिसिटी अस्पताल र किस्ट मेडिकल कलेज डुवानमा परे । त्यहाँका बिरामीहरुलाई अन्यन्त्र सार्नुपर्‍यो । प्रकोपको समयमा अस्पतालहरुकै उद्धार गर्नुपर्ने भयावहता आएको थियो त ? होइन, खोलाको किनारामा अस्पताल निर्माण गर्ने स्वीकृति कसरी, कसले दिए ? खोजबिन हुन आवश्यक छ र तिनीहरु कारवाहीका भागिदार हुनुपर्दछ । भैंसेपाटीको मेडिसिटी खोलाको बगरमा छ, किस्ट मेडिकल कलेजमा संरचना कर्मनासा खोलाको वारिवारी छन् । यी संरचनाको वातावरणीय प्रभाव मूल्याङ् भस्कन इआइए) कसले तयार गरेको हो ? खोजी गर्नुपर्ने विषय हो ।

उपत्यकामा बाढी, डुबानको कुरा गर्दा यहाँ बग्ने खोलाहरुको प्रकृतिलाई उच्च ध्यान दिनुपर्ने थियो । अन्धाधुन्ध आवास, आवासअनुसार बाटाघाटा र खानेपानीको चरम अभाव उपत्यकाको विशेषता थिए । उपत्यकाका खोलाहरु सबै जमिनमुनिको पानी पुर्नभरण भएर बग्ने हुन् । कुनै पनि खोला हिउँ पग्लेर बग्ने होइनन् । शहरीकरणले एकातिर वर्षात्को पानी जमिनमुनि प्रवेश हुने प्रक्रियालाई नराम्री बिथोल्यो, अर्कोतर्फ खानेपानीका लागि अन्धधुन्ध जमिनको पानी निकालियो । जमिनबाट लिने काम मात्र भयो दिने काम भएन । जमिनमुनिको पानीको सतह तलतल झर्दै गयो, खोलाहरु पनि हिउँदमा सुक्न थाले । खोलाका बगर मिचिनु, पोखरी र ढुङ्गेधाराहरु मासिनुको परिणाम वर्षात्मा परेको पानी जमिनमुनि पस्न पाएन ।

यसपालि जमिनले सोस्नसक्ने जति पानी सोसी सकेको थियो र लगातारको अधिक वर्षा थेग्न सकेन । वर्षात्को पानी बगेर सबै खोलमा पुग्यो । ढल, नालाबाट घरघरको पानी पनि सोझै खोलामा पुग्यो । खोलाहरु भरिभराउ भैसकेपछि ढलनालाको पानी बग्न पाएन, जताबाट आएको हो उतै फर्किन बाध्य भयो । उपत्यकाका कतिपय स्थानमा यस्तै प्रकृति देखियो । आवास क्षेत्र र सडकको नालालाई सोझै खोलामा मिसाउनु हुँदैन भन्ने आवाज पुरानो हो । खोलाको बगर मिचिए, पर्खाल लगाएर साँगुर्‍याएपछि सिमित ठाउँबाट खोला बग्न थाले । खोलाले आफैँले बगाएर ल्याएका माटो, ढुङ्गा बालुवा थुपार्दै गयो ।

एकातिर काठमाडौँ उपत्यकाका सबैजसो खोलाहरुको चौडाई मिचेर सिमित गरिएको छ भने अर्कोतर्फ खोला आफैंले आफ्नो गहिराई पुर्दै आयो । परिणाम, खोलाहरुले आफ्नो क्षमता जति पानी पनि बगाउन, बोक्न, अटाउन सकेनन् । काठमाडौं उपत्यकाका खोलाहरु नागबेली आकारमा बग्न पाउनु प्राकृतिता हो । हामीले सडकहरु सोझ्याउने विकास नीति अख्तियार गर्‍यौँ, त्यसको दुष्परिणाम भोग्दैछौँ ।प्रकोप न्यूनीकरणको प्रभावकारी कार्यान्वयन हाम्रो आवश्यकता हो । यसका तीन वटा पक्ष छन् । प्रकोपपूर्वको तयारी, पुनर्स्थापना र राहत तथा उद्धार । हामी राहत तथा उद्धारको काममा केही जिम्मेवार देखिएका छौँ । यसपटक पनि सरकारले सक्दो प्रयास गरेको हो । तर, प्रकोप बारेको अध्ययन, तयारी र पुर्नस्थापनजस्ता विषयको जिम्मेवारी लिने निकायको अभाव देखिन्छ । प्रकोपमा काम गर्ने संस्थाहरुबीच समन्वय गर्ने परिपाटीको अभाव रहेको छ ।

***बाँकी अन्तिम पृष्ठमा***

## विश्व समाचार

### ट्रम्पको पुनरागमन 'गलत नीति'को पुनरावलोकन गर्ने मौका : इरान

तेहरान, २२ कात्तिक (रासस/एएफपी) ।

इरानले अमेरिकी राष्ट्रपतीय निर्वाचनमा रिपब्लिकन नेता तथा पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको विजयलाई अमेरिकाका लागि विगतका 'गलत नीतिहरू'को पुनरावलोकन गर्ने अवसर भएको बताएको छ ।

अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसलाई पराजित गर्दै जनवरीमा ह्वाइट हाउस फर्कन लागेका ट्रम्पले आफ्नो पहिलो कार्यकालमा इरानमाथि 'अधिकतम दबाब' को रणनीति अपनाउनुभएको थियो ।

विदेश मन्त्रालयका प्रवक्ता इस्माईल बगाईलाई उद्धृत गर्दै सरकारी समाचार संस्था आईआरएनएले भनेको छ, "विगतमा अमेरिकी विभिन्न सरकारका नीति र दृष्टिकोणसँग हाम्रो निकै तितो अनुभव छ ।"

ट्रम्पको जित 'विगतका गलत नीतिको पुनरावलोकन गर्ने अवसर' भएको उहाँले बताउनुभयो ।

इरान र संयुक्त राज्य अमेरिका सन् १९७९ को इस्लामिक क्रान्तिदेखि नै एकअर्काका विरोधी थिए । इस्लामिक क्रान्तिले पश्चिमा समर्थित शाहलाई सत्ताच्युत गरेको थियो भने ट्रम्पको पहिलो कार्यकालमा सन् २०१७ देखि २०२१ सम्म इरानसँगको सम्बन्धमा थप तनाव बढेको थियो ।

बुधबार अमेरिकी राष्ट्रपतिमा ट्रम्प विजयी घोषणा हुनुअघि इरानले अमेरिकी निर्वाचनलाई असान्दर्भिक भन्दै अस्वीकार गरेको थियो ।

सरकारका प्रवक्ता फातेमेह मोहजेरानीले भन्नुभयो, "संयुक्त राज्य अमेरिका र इस्लामिक गणतन्त्र इरानको सामान्य नीतिहरू तय गरिएको छ । को राष्ट्रपति बन्छ भन्ने कुराले केही फरक पार्दैन । जनताको जीविकोपार्जनमा कुनै परिवर्तन नआओस् भनेर योजना बनाइसकिएको छ ।"

आफ्नो पहिलो कार्यकालमा ट्रम्पले सन् २०१५ को इरान आणविक सम्झौताबाट अमेरिकालाई एकतर्फी रुपमा फिर्ता भएको घोषणा गर्नुभएको थियो र इस्लामिक गणतन्त्रमाथि कडा प्रतिबन्ध लगाउनु भएको थियो ।

ट्रम्पको पहिलो कार्यकाल रहेकै समय सन् २०२० मा अमेरिकाले बग्दाद विमानस्थलमा गरेको हवाई आक्रमणमा इस्लामिक रिभोलुसनरी गार्ड कोरका जनरल कासिम सुलेमानीको मृत्यु भएको थियो ।

### अष्ट्रेलियामा १६ वर्ष मुनिका बालबालिकाका लागि सामाजिक सञ्जाल प्रतिबन्ध लगाउने

सिड्नी, २२ कात्तिक (रासस/एएफपी) ।

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले फेसबुक टिकटकजस्ता समाजिक सञ्जालले बालबालिकाहरूमा हानि गरिरहेको बताउँदै १६ वर्ष मुनिका बालबालिकामा यसको पहुँचमा प्रतिबन्ध लगाउने तयारी गरेको बताउनु भएको छ ।

प्राविधिक विज्ञहरूलाई उमेरको सीमा लागू गर्ने जम्मेवारी दिएको बताउँदै प्रधानमन्त्री अल्बानिजले नियमहरूको उलङ्घन गरेमा जरिवानाको सामना गर्नुपर्ने उल्लेख गर्नुभएको छ ।

अष्ट्रेलिया सामाजिक सञ्जालको नकरात्मक प्रभाव नियन्त्रणको प्रयास गर्ने अग्रणी राष्ट्र हो । प्रधानमन्त्री अलबानिजले प्रस्तावित उमेर बालबालिकाका लागि सबैभन्दा महत्वपुर्ण र आमा -बाबासँग विताउनु पर्ने उमेर भएको उहाँले प्रष्ट पार्नु भएको छ ।

नोभेम्बरको अन्त्यमा संसदमा पेस हुनुअघि यो कानुनहरू यस हप्ता राज्य र क्षेत्रका नेतासमक्ष प्रस्तुत गरिनेछ । कानून पारित भएपछि, कार्यान्वयनका लागि एक वर्षको अवधि दिइनेछ । यसको प्रभावकारी कार्यन्वयनका लागि आमाबाबु तथा युवाहरू जिम्मेवार हुनेछन् ।

फेसबुक र इन्स्टाग्राम सञ्चालन गरेको मेटा कम्पनीले सरकारले पेस गर्न चाहेको जुनसुकै पनि उमेर सीमालाई सम्मान गर्ने जनाएको छ भने अस्ट्रेलियाले प्रतिबन्ध लागू गर्दा सावधानीपूर्वक सोच्नुपर्ने मेटाका सुरक्षा प्रमुख एन्टिगोन डेभिसले बताउनुभएको छ ।

हेर्न नचाहेका अनावश्यक सामाग्रीहरु सामाजिक सञ्जालमा प्रणालीमा देखा पर्ने भएकाले नियन्त्रण गर्नु परेको अल्बानिजले बताउनुभएको छ । यसैगरी, सञ्चारमन्त्री मिसेल रोल्यान्डले सामाजिक सञ्जाल सञ्चालन गरेका कम्पनीहरूमा बारम्बार जिम्मेवारीको 'कमी' देखिइरहेको बताउनुभएको छ ।

रोल्यान्डले इन्स्टाग्राम, फेसबुक, टिकटक र एक्सजस्ता नेटवर्क तथा कम्पनीहरूले निर्धारित कानुनको उल्लङ्न गरेमा आर्थिक दण्डको सामना गर्नुपर्ने बताउनुभएको छ ।

फ्रान्सले यस अघि नै सन् २०२३ मा कानुन पारित गरी सामाजिक सञ्जाल प्रयोगकर्ताको उमेर कम्तीमा १५ वर्ष हुनुपर्ने व्यवस्था गरेको थियो ।

# डा. ओम फाउन्डेसनद्वारा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन

काठमाडौँ, २२ कार्तिक (रासस) । डा.ओम फाउन्डेसनले महोत्तरीको बलवा नगरपालिकास्थित धमौरामा तीन दिने निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ । शिक्षा तथा समाजसेवी स्व तेजनारायण सिंहको दोस्रो वार्षिक पुण्यतिथिको सन्दर्भमा फाउन्डेसनले शिविर सञ्चालन गरेको हो ।

विशेषज्ञ चिकित्सक, चिकित्सा शास्त्र अध्ययन गरिरहेका विद्यार्थी तथा स्वास्थ्यकर्मीहरूको समूहले बलवा नगरपालिकाको ग्रामीण भेगका न्यून आय भएका तथा सीमान्तकृत समुदायका मानिसको मुटुरोग, मधुमेह, उच्च रक्तचाप, कोलस्टेरोललगायतका जाँच गर्नुका साथै अन्य स्वास्थ्य समस्याका बारेमा आवश्यक परामर्श दिएको थियो ।

शिविरमा इको, इसिजी, सुगर जाँच गरी एक महिनासम्मका लागि निःशुल्क औषधिसमेत प्रदान गरिएको थियो । शिविरमा स्थानीयवासीलाई खानपान, स्वास्थ्यसम्बन्धी सचेतना गराइएको फाउन्डेशनले जनाएको छ । बुधबार सम्पन्न शिविरमा तीन सय बढीले निशुल्क स्वास्थ्य सेवा लिएका छन् ।

शिविरमा आएका ४० वर्ष उमेर समूहका महिलाहरमा मधुमेहको समस्या देखिएको वरिष्ठ मुटुरोग विशेषज्ञ डा. ओम मूर्ति अनिलले बताउनुभयो । उहाँले भन्नुभयो, "उहाँहरूमा मोटोपना थिएन, पारिवारिक पृष्ठभूमिमा पनि मधुमेह थिएन, सामान्य खानपान र स्वस्थ जीवनशैली अपनाएका थिए । तथापि, समस्या देखियो ।"

शिक्षा तथा समाजसेवी स्वर्गीय तेजनारायण सिंहले आफ्नो जन्मस्थान धमौराको शिक्षा, कृषिको विकास तथा न्यून आय भएका तथा सीमान्तकृत समुदायको आयआर्जन बढाउन विभिन्न क्रियाकलाप गर्नुभएको थियो । उहाँले २०२७ सालमा आफ्नै जमिनमा विद्यालय स्थापना गरी दुई दशक बढी व्यवस्थापनको जिम्मेवारी निर्वाह गर्नुभएको थियो । उक्त विद्यालय हाल जनता राष्ट्रिय उच्च माविका रूपमा सञ्चालनमा छ । सो विद्यालयमा दुई हजार विद्यार्थी अध्ययनरत छन् ।

सिंहले साना किसानहरूको आयआर्जन बढाउन नगदेबाली तथा आधुनिक खेती गर्न किसानलाई सहजीकरण गर्नुभएको थियो । स्वर्गीय पिता तेजनारायणबाट प्रेरित भएर मुटुरोग विशेषज्ञ डा. अनिलले सन् २०२३ मा स्थापना गरेको उक्त फाउन्डेसनले स्वास्थ्य, शिक्षा र सामाजिक रुपान्तरणका निम्ति कार्य गर्दै आएको छ ।

उहाँले बुबा स्वर्गीय तेज नारायण सिंहसँगको सामिप्यता, आमाबुबाप्रतिको समर्पणभाव, पारिवारिक सम्बन्धका बारेमा लेख्नुभएको पुस्तक जीवन्त सम्बन्ध ३० हजार बढी प्रति बिक्री भएको छ । सो पुस्तकको बिक्रीबाट प्राप्त रकम फाउन्डेसनमार्फत् स्वास्थ्य, शिक्षा र सामाजिक रुपान्तरणका क्षेत्रमा खर्च गर्दै आउनुभएको छ ।

# सडक बालबालिकामुक्त बनाउने अभियान तीव्र

काठमाडौँ, २२ कार्तिक (रासस) । सरकारले सडक बालबालिकामुक्त बनाउने अभियानलाई तीव्रता दिएको छ । गत असार ३१ गतेको मन्त्रिपरिषद्को बैठकले विसं २०८२ असार मसान्तभित्र नेपाललाई सडक बालबालिकामुक्त बनाउने निर्णय गरेको थियो । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले सडक बालबालिकाको उद्धार, पुनःस्थापना, संरक्षण तथा व्यवस्थापनलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिरहेको छ ।

महिलामन्त्री नवलकिशोर साह सुडीले राष्ट्रिय बालअधिकार परिषद्मार्फत सडक बालबालिकाको उद्धार, पुनःस्थापना, संरक्षण तथा व्यवस्थापनको कार्य अगाडि बढाइएको जानकारी दिनुभयो । मन्त्रालयका अनुसार खोजतलास गरी फेला परेका बालबालिका मध्ये एक हजार पाँच सय ५९ (बालक चार सय ४२ र बालिका एक हजार एक सय १७) जनालाई परिवारमा पुनर्मिलन गराइएको छ ।

'बालबालिकासम्बन्धी ऐन, २०७५' संशोधनका लागि आवश्यक प्रक्रिया अगाडि बढाएको छ । पछिल्लो समयमा मन्त्रालयले हिंसामा परेका तथा जोखिममा परेका ३२ बालबालिकाको उद्धार तथा अस्थायी संरक्षण प्रबन्ध, भारतमा उद्धार गरी त्यहाँको बालकल्याण गृहमा रहेका २० बालबालिका कीन इण्डियालगायत संस्थाको सहयोगमा स्वदेश फिर्ता, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, १० जना बालबालिकाको नागरिकता प्राप्तिमा सहजीकरण र समन्वय तथा चार जना बालबालिकाको जन्म दर्ता बनाउन सहजीकरणसहित ६६ जना बालबालिकाको अधिकार संरक्षण र सम्बर्द्धनसमेत गरेको छ ।

गत आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म उद्धार गरी विभिन्न सडक बालबालिका स्थायी संरक्षण केन्द्रमा रहेका तीन सय ३५ र चालु आर्थिक वर्ष २०८१/८२ मा उद्धार गरिएका ५३ सडक बालबालिका (बालक ४१ र बालिका १२) सहित चारसय आठजना सडक बालबालिकाको उद्धार, राहत, पालनपोषण, संरक्षण तथा व्यवस्थापन गरिएको मन्त्रालयले जनाएको छ ।

बेवारिसे बालबालिका एक सय ४० जना उद्धार गरिएकोमा ९१ जनालाई पारिवारिक पुनर्मिलन गराइएको छ । बालबालिकामा भएको लगानीको लेखाजोखा गर्नका लागि बजेट कोड तयारी भइरहेको मन्त्री सुडीले जानकारी दिनुभयो ।

# प्लाष्टिकका सामग्रीले पुख्र्यौली पेसा संकटमा

सुनसरी, २२ कार्तिक (रासस) । सुनसरी हरिनगर गाउँपालिका-२ का भटाई मरिक दुई जनाको सहारामा दुई दिनमा एउटा बाँसको ढाकी बनाउनुहुन्छ । उहाँलाई बाँसको कोनिया बनाउन एक दिन मात्र लाग्छ ।

बिहानै हातमा कुखुरी लिएर घरबाट निस्कने भटाई छठ पर्वका बेलामा बाँसका सामग्री बनाएर वर्षभरिलाई खान र घर खर्च चलाउन रकम जुटाउने गर्नुहुन्छ । यस वर्ष भने सोचेजस्तो बाँसका सामग्री बिक्री नभएको उहाँको गुनासो छ । भटाईले गत वर्ष छठका बेलामा एक सय ५० वटा कोनिया र एक सय २५ वटा ढकीया बिक्री गर्नुभएको थियो ।

यस वर्ष उहाँले ५० देखि एक सयसम्म कोनिया र ९० वटा ढकीया बिक्री भएको बताउनुभयो । उहाँजस्तै हरिनगर-२ का बिन्देश्वर मरिकले छठ पर्वका बेला बाँसका सामग्री बनाएर साहु तथा यजमानबाट लिएको ऋण तिर्ने सोच्नुभएको थियो । वर्षभरि घर खर्च जेनतेन चलाउने मरिक समुदायका अधिकांशले चाडपर्वलाई खर्च जुटाउने अवसरका रुपमा लिने गरेका छन् ।

सोचेअनुसारको बिक्री नहुँदा आम्दानी घटेको बिन्देश्वरले बताउनुभयो । आधुनिकताको विकाससँगै बजारमा आएका प्लाष्टिकका सामग्रीको प्रयोग बढेसँगै बाँसका सामग्री बिक्री हुन छोडेका उहाँको भनाइ छ । यसले गर्दा जीविकोपार्जनमा समस्या भएको गीता मरिकले बताउनुभयो ।

बिहानै बाँसलाई काट्नुका साथै आवश्यकता अनुसार फोड्ने, काट्ने र सामग्री निर्माण गर्ने गरिएको भन्दै बनाइएको सामग्री बिक्री नहुँदा आर्थिक अभाव सृजना हुने गीताको भनाइ छ ।

बर्सेनि छठ पर्व मनाउनको सङ्ख्या बढ्दै गए पनि बाँसका सामग्रीको कारोबारमा कमी आएको मरिक समुदायका व्यक्तिले बताएका छन् । अहिले बजारमा पित्तलका कोनिया, ढाकी पाउनुका साथै प्लाष्टिकबाट निर्मित नाइग्लोलगायत सामग्री पाउन थालेकाले बाँसका सामग्री बिक्री हुन छोडेका चन्दन मरिकले बताउनुभयो ।

लोक आस्था, विश्वास र श्रद्धाको पर्वका रुपमा रहेको छठमा विगतका बर्षमा बाँसबाट निर्मित सामग्रीको प्रयोग बढी हुने गरेकामा पछिल्ला केहीवर्षयता आधुनिक प्लाष्टिकका सामग्रीको प्रयोगले परिक समुदायको पुर्ख्यौली पेसा सङ्कटमा परेको बिन्देश्वरले बताउनुभयो ।

मरिक समुदायको पुर्ख्यौली पेसाका रुपमा रहेको बाँसका सामग्री मनाउने कामलाई संरक्षण गर्नुका साथै बजारीकरणमा स्थानीय तह तथा सरोकार भएका निकायले सहयोग गर्नुपर्ने मरिक समुदयका अगसवाको भनाइ छ ।

### प्रकोपसँगै...

प्रकोप हाम्रो नियति हो, प्रकोपलाई ध्यानमा राख्दै विकास गरौं, प्रकोपसँगै बाँच्न सिकौं । यस पटकको बाढी, डुबानबाट हामीले सिक्नुपर्ने कुरा यही नै हो । निश्चय पनि हामीलाई स्वतन्त्रता चाहिए जस्तै प्रकृति पनि स्वतन्त्र हुन चाहन्छिन्, स्वतन्त्र भएर नै उनी पुष्पित, पल्ववित, सिञ्चित र पोषित गर्न चाहन्छिन् । प्रकृतिको भाषा र भाका बुझ्नै प्रयत्न गरौं । निश्चय नै यसपछि हामीले यस्ता विपद्हरुको सामना गर्नु पर्दैन । *(भूगर्भशास्त्रका अध्येता लेखक वरिष्ठ पत्रकार हुनुहुन्छ)*







मंगलमय शुभकामना

लोक आस्थाको महान छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।




**भुपेन्द्र प्रसाद यादव**
अध्यक्ष, तथा
समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.
संचालक समिति परिवार
राजविराज ८, सप्तरी



मंगलमय शुभकामना

लोक आस्थाको महान छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।




**शत्रुघन प्रसाद गुप्ता**
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*